स्थानीयराजपत्र

बाह्रविसे नगरपालिका, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल

# शिक्षा ऐन, २०७६

**बाह्रविसे नगरपालिका शिक्षा ऐन,२०७६**

**प्रमाणीकरण मितिः २०७६।.....।.....**

**२०७६ सालको ऐन नं. ......**

# बाह्रविसे नगरपालिका शिक्षा ऐन २०७६

**प्रस्तावना:** नेपालको संविधान (२०७२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारको क्षेत्राधिकार किटानी गरेका बिषय क्षेत्रमा बाह्रविसे नगरपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भैरहेका विद्यालयहरुको व्यवस्थापन, सञ्चालन र नियमनमा सुधार गरी माध्यमिक तहसम्म गुणस्तरयुक्त शिक्षाको सुनिश्चितता गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बाह्रवीसे नगरपालिकाको नगरसभाले यो ऐन तर्जुमा गरी जारी गरेको छ ।

**१.** <u>**संक्षिप्त नाम, विस्तार र प्रारम्भ:**</u> (१) यस ऐनको नाम "बाह्रविसे नगरपालिका शिक्षा ऐन, २०७६" रहेको छ ।
(२) यो ऐन बाह्रविसे नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।
(३) यो ऐन बाह्रविसे नगरपालिकाको नगर सभाले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :–**

(क) ***"प्रारम्भिक बालशिक्षा"*** भन्नाले तीन वर्ष उमेर पूरा गरेका बालबालिकाहरुलाई दिइने एक वर्ष देखि बढिमा ३ बर्षको प्रारम्भिक शिक्षा सम्झनु पर्छ ।

(ख) ***"बालविकास केन्द्र"*** बालविकास केन्द्र भन्नाले खण्ड क बमोजिमको शिक्षा दिने कक्षा वा केन्द्रलाई बुझाउनेछ ।

ग) "**आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ तर व्यवहारमा कक्षा १-३ सम्मको शिक्षालाई आधारभूत पहिलो चरण, कक्षा ४-५ सम्मको शिक्षालाई आधारभूत दोस्रो चरण र कक्षा ६-८ सम्मको शिक्षालाई आधारभूत तेस्रो चरण मानिनेछ ।

(घ) ***"आधारभूत विद्यालय"*** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ङ) ***"आधारभूत शिक्षा परीक्षा"*** भन्नाले आधारभूत तह कक्षा ८ को अन्तमा हुने परीक्षा सम्झनु पर्दछ ।

(च) ***"माध्यमिक शिक्षा"*** भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ तर व्यवहारमा कक्षा ९-१० सम्मको शिक्षालाई माध्यामिक पहिलो चरण र कक्षा ११-१२ सम्मको शिक्षाालाई माध्यामिक दोस्रो चरण मानिनेछ ।

(छ) ***"माध्यमिक विद्यालय"*** भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ज) ***"माध्यमिक शिक्षा परीक्षा"*** माध्यामिक तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्दछ ।

(झ) ***"अनुमति"*** भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ञ) ***"अभिभावक"*** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्ति वा संस्थालाई समेत जनाँउछ ।

(ट) ***"अभिभावक शिक्षा"*** भन्नाले बिद्यार्थीको अभिभावकलाई दिइने शिक्षा तथा तालिमलाई जनाउँछ ।

(ठ) ***"विशेष शिक्षा"*** भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमवाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ड) ***"समावेशी शिक्षा"*** भन्नाले देहायको शिक्षा सम्झनु पर्दछः-
(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सस्त श्रबण, अटिजम, बौद्िक, शारिरीक वा अन्य अपाङ्गता भएका बालवालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,
(२) सामाजिक, आर्थिक वा भौगालिक कारणले पछाडि पारिएका व्यक्तिलाई बिभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ढ) **"सामुदायिक बिद्यालय"** भन्नाले नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त बिद्यालय सम्झनु पर्छ ।

(ण) **"सस्थागत बिद्यालय"** भन्नाले नेपाल सरकारवाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त बिद्यालय सम्झनु पर्छ ।

(त) **"बिद्यालय"** भन्नाले सामुदायिक वा सस्थागत बिद्यालय सम्झनु पर्दछ ।

(थ) **"अनौपचारिक शिक्षा"** भन्नाले औपचारिक बिद्यालय शिक्षावाट बन्चित बिभिन्न उमेर समुहका व्यक्तिहरुका लागि दिइने छोटो अबधिको शिक्षा र निरन्तर स्वाध्ययन सिकाइलाई सम्झनु पर्दछ ।

(द) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ध) **" कर्मचारी"** भन्नाले सामुदायिक बिद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्दछ ।

(न) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(प) **"नगर शिक्षा अधिकारी "** भन्नाले बाह्रवीसे नगरपालिकामा खटिनु भएको शिक्षा सेवाको उपसचिव कर्मचारीलाई सम्झनु पर्छ ।

(फ) "**नगर शिक्षा अधिकृत"** भन्नाले बाह्रवीसे नगरपालिकामा खटिनु भएका शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनु पर्दछ ।

(ब) **"शिक्षा शाखा"** भन्नाले बाह्रविसे नगरपालिकाको शिक्षा शाखालाई सम्झनु पर्छ ।

(भ) **"नगर शिक्षा समिति"** भन्नाले "बाह्रविसे नगरपालिका शिक्षा ऐन, २०७६" को दफा ११ बमोजिम गठनभएको शिक्षा समितिलाई सम्झनु पर्छ ।

(म) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई संघीय सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(य) **"आवासीय बिद्यालय"** भन्नाले नेपाल सरकार वा नगरपालिकावाट आवासीय बिद्यालयको रुपमा स्वीकृत प्राप्त बिद्यालयलाई सम्झनु पर्दछ ।

(र) **"शैक्षिक गुठी"** भन्नाले बिद्यालय सञ्चालन गर्नका लागि कुनै ब्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ल) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(व) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेश ३ को शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(श) **"शिक्षक सेवा आयोग"** भन्नाले स्थायी शिक्षक पदपूर्तिको सिफरिस तथा बढुवाको सिफारिश गर्ने प्रयोजनका लागि नेपाल सरकारले स्थापना गरेको निकायलाई सम्झनु पर्दछ ।

(श) **"पाठ्यक्रम विकास केन्द्र"** भन्नाले राष्ट्रिय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा विकासका लागि नेपाल सरकारले स्थापना गरेको निकायलाई सम्झनु पर्दछ ।

(ष) **"बिद्यालय शिक्षक कितावखाना"** भन्नाले स्थायी शिक्षकको तलवी प्रतिवेदन पारित, विदा, औषधिउपचार खर्च, निवृतिभरण र उपदान सम्वन्धि कार्य गर्ने प्रयोजनार्थ नेपाल सरकाले स्थापना गरेको निकायलाई सम्झनु पर्दछ ।

**३. बिद्यालयको प्रकार : (१)** विद्यालय दुई प्रकारका हुनेछन् ।

(क) सामुदायिक विद्यालय र

(ख) संस्थागत विद्यालय ।

२) संस्थागत विद्यालयको प्रकार : (१) संस्थागत विद्यालय निम्न प्रकारका हुनेछन् :

(क) कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालय

(ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय

(ग) सहकारीबाट सञ्चालित विद्यालय

**४. बिद्यालय खोल्न अनुमति लिनु पर्नेः** (१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडा कार्यालयमा अनुमतिको लागि शैक्षिकसत्र शुरु हुनुभन्दा दुई महिना अगावै निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्वन्धित वडा कार्यालयमा निवेदन परेमा सो उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा आवश्यक कारवाहीको लागि पेश भएका सक्कलै कागजातको साथमा वडाको राय सहित आफ्नोमा पेश भएको १५ दिन भित्र अनिवार्य रुपमा नगरपालिका शिक्षा शाखामा सफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम शिक्षा शाखामा पेश भएका कागजातको नगर शिक्षा अधिकारीले आवश्यक जाँचबुझ गरी स्थलगत निरिक्षणको लिखित प्रतिवेदन माग गरी शिक्षा अधिकृतलाई खटाउनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम प्राप्त कागजातहरुको अध्ययन एवं स्थलगत जाँचबुझ गर्दा तोकिएको पूर्वाधार पुरा भएको देखिएमा शिक्षा अधिकृतले आफ्नो राय सहितको लिखित प्रतिवेदन अनिवार्य १५ दिन भित्र शिक्षा अधिकारी समक्ष पेश गर्नुपर्नेछ

(५) शिक्षा अधिकारीले आधारभुत र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा तीस दिन अगावै आफ्नो रायसहितको प्रतिवेदन शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ । प्रारम्भिक बालशिक्षा केन्द्रको हकमा तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा(४) बमोजिम शिक्षा समितिको बैठकबाट अनुमति दिने निर्णय भएमा तोकिएको शर्त बन्देज पालना हुने गरी नगर शिक्षा अधिकारीले तोकिएको ढाँचामा अनुमति दिनेछ ।

(७) नगरपालिकाको शिक्षा ऐन २०७६ दफा ३(६) प्रारम्भ हुँदाका बखत नगरपालिका भित्र कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी प्रारुपमा विद्यालय सञ्चालन गर्न नगर शिक्षा अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(८) उपदफा (६) बमोजिम निवेदन परेमा नगर शिक्षा अधिकारीले निवेदन दिने बिद्यालयको माग मनासिब देखिएमा माग बमोजिमको बिद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(९) उपदफा (६) र (८) मा जुन सुकै कुरा लेखिएको भएता पनि देहायका बिद्यालयलाई शैक्षिक गुठिको रुपमा बिद्यालय सञ्चालन गर्नका लागि अनुमति वा स्वीकृति दिइने छैन ।
(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको बिद्यालय,
(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको बिद्यालय,
(ग) कुनै ब्यक्ति वा संस्थाले बिद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको बिद्यालय ।

(१०) यस ऐन वा अन्य प्रचलिन कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठि अन्तरगत बिद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछः-
(क) शैक्षिक गुठि सञ्चालन गर्ने गुठि सञ्चालक(ट्रष्टी) संगठित संस्थाका रुपमा हुनु पर्ने,
(ख) शैक्षिक गुठि सञ्चालन गर्दा सञ्चालक ( ट्रष्टी) बोर्डमा सार्वजनिक गुठी भए कम्तीमा ५ जना र निजी गुठी भए कम्तीमा ३ जना सदस्य हुनुपर्ने,
(ग) शैक्षिक गुठिको आयब्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परिक्षकवाट लेखा परिक्षण गराउनु पर्ने,
(घ) निजी शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमा वा शेषपछि गुठीयारको रुपमा काम गर्ने गरी आफ्नो उत्तराधिकारी तोक्न सक्ने तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।
(ङ) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीवाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तरगत बिद्यालय सञ्चालन गर्न सक्नेछ ।

(११) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

**५. विद्यालयको सञ्चालनः** विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**६. परीक्षाको संचालन र ब्यवस्थापन सम्वन्धि व्यवस्थाः** (१) आधारभूत तह उत्तीर्ण परीक्षाको व्यवस्थापन र सञ्चालन आधारभूत शिक्षा उर्तीण परीक्षा समितिले गर्नेछ तर माध्यमिक तहको कक्षा १०, ११ र १२ मा हुने परीक्षा संघीय शिक्षा ऐनले तोके बमोजिम हुनेछ ।

**७. माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिम हुनेछ :-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**८. विशेष शिक्षा, अनौपचारिक शिक्षा शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा र अनौपचारिक शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा वा अनौपचारिक शिक्षा सञ्चालन गर्न चाहेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

(३) बिशेष शिक्षा र अनौपचारिक शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टि विहीन भएका बालबालिकाको ला)ग पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(५) अनौपचारिक शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**९. शिक्षाको माध्यम :** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा र अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ :-

(क) आधारभूत शिक्षा (कक्षा १-५) मातृभाषामा दिन सकिनेछ,

(ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

**१०. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** नगरपालिका क्षेत्रभित्रका विद्यालयले संघीय सरकार पाठ्यकम विकास केन्द्रले तोके बमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ तर स्थानीय पाठ्यकमको हकमा बाह्रवीसे नगरपालिकाले निर्माण गरी तोकेको स्थानीय पाठ्यकम लागु गर्नु पर्नेछ ।

**११. नगर शिक्षा समितिको गठन :** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, व्यवस्थापन, सञ्चालन, समन्वय र नियमन गर्ने कामको लागि नगरपालिकामा देहाय बमोजिमको नगरशिक्षा समिति रहनेछः-

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप-प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) कम्तीमा एक जना महिला रहने गरी नगर प्रमुखले कार्यपालिकाका सदस्यहरु मध्येवाट मनोनयन गरेका बढीमा २ जना - सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापक/शिक्षकहरू मध्येबाट शिक्षाअधिकारीको सिफारिसमा नगर प्रमुखले तोकेको कम्तीमा एक जना महिला र एक जना दलित सहित बढीमा ३ जना -सदस्य

(ज) नगरपालिका भित्रका सामुदायिक बिद्यालयको व्यवस्थापन समितिको अध्यक्षहरुवाट नगर प्रमुखले तोकेको प्रतिनिधि एक जना -सदस्य

(ञ) शिक्षक महासंघ नगरस्तरीय समितिको प्रतिनिधि एक जना -सदस्य

(ट) नगरपालिका क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने शिक्षाविद्मध्ये शिक्षा समितिले मनोनित गरेको २ जना -सदस्य

(ठ) नगर शिक्षा अधिकारी -सदस्य सचिव

(२) उपदफा १ अनुसारको नगर शिक्षा समितिको वैठक आवश्कता अनुसार बस्नेछ ।

(३) शिक्षा समितिको वैठक भत्ता कार्यपालिका बैठकको भत्ता सरह हुनेछ ।

(४) वैठक सञ्चालनको लागि कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(५) शिक्षा समितिका सयोजक/अध्यक्षको अनुरोध वा निर्देशनमा शिक्षा समितिको बैठक सदस्य सचिवले बोलाउने छन् ।९

(६) नगर शिक्षा समितिले आवश्यकता महशुस गरेमा बिबिध बिषय क्षेत्रका बिज्ञलाई नगर शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## १२. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकारः

१ नगर शिक्षा समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगर भित्रको ययार्थ शैक्षिक तथ्याङ्क संकलन गरी अद्यावधिक गर्ने गराउने र शैक्षिक स्थिति प्रकाशन गर्ने गराउने ।

(ख) नगर शैक्षिक तथ्याङ्कका आधारमा नगरको शिक्षा नीति, शैक्षिक योजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यपालिकावाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने ।

(ग) प्रत्येक आर्थिक बर्षको शुरुमा शिक्षा शाखाले प्रस्ताव गरेका शैक्षिक कार्यक्रम तथा बजेट बारे छलफल तथा आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृतिको लागि नगर सभामा पेश गर्ने ।

(घ ) गुणस्तरीय शिक्षाका मापदण्डहरु तयार गरी वा गर्न लगाई कार्यपालिकावाट स्वीकृत गराई नगरभित्रका बिद्यालयहरुमा कार्यान्वयन गर्ने गराउने ।

(ङ) शिक्षा शाखावाट पेश भएको विद्यालय स्वीकृति, अनुमति, कक्षा तथा तह थप, विद्यालय स्थानान्तरण कार्य छलफल गरी आवश्यक निर्णय लिने र कार्यपालिकावाट स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने ।

(च) नगर भित्रको शिक्षामा सुधारका लागि शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी स्वीकृत गर्ने,

(छ) नेपाल सरकारको स्वीकृत नीति तथा निर्देशन अनुरूप विशेष आवश्यकता भएकाहरूको लागि बिशेष शिक्षा, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ज) नगर भित्रको शिक्षा सुधारका लागि मानव संसाधनलाई दण्ड र पुरस्कारको मापदण्डहरु तयार गरी कार्यपालिकावाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने,

(झ) नगरपालिका भित्र रिक्त हुन आएका अस्थायी करार राहत शिक्षक पदमा अस्थायी पदपूर्तिको व्यवस्था मिलाउने,

(ञ) नगरपालिका भित्र सामुदायिक बिद्यालयहरुका शिक्षकहरुको आबश्यकताका आधारमा शैक्षिक सत्रको सुरुमा सरुवा व्यवस्थापन गर्ने गराउने ।

(ट) नगर भित्रका विद्यालयहरुलाई बिद्यालयहरुका आधारभुत आवश्यकता र क्षमताका आधारमा बिद्यालय सुधार योजना तयार गर्न लगाई ती योजना कार्यान्वयन गर्न न्युनतम बजेटको व्यवस्थापन गर्ने गराउने,

(ठ) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने/गराउने,

(ड) नगर भित्रका बिद्यालयहरुमा बिद्यार्थी सँख्या न्युन भएका बिद्यालयहरुलाई मापदण्ड बनाई समायोजन गर्ने गराउने

(ढ) नगर भित्रको कुनै विद्यालय बन्द गर्नु पर्ने, स्थान परिवर्तन गर्न पर्ने मर्ज गर्नपर्ने भएमा निर्णय गरी कार्यपालिकामा स्वीकृतिका लागि सिफारिस गर्ने ।

(ण) शिक्षा शाखावाट तयार भएको शैक्षिक क्यालेण्डरलाई स्वीकृत गरी बिद्यालयहरुलाई सोही क्यालेण्डरका आधारमा आआफ्नो बिद्यालयको बार्षिक कार्ययोजना तयार पारी कार्यान्वयन गर्न लगाउने ।

(त) बिद्यालयहरुमा खेलकुद स्काउट अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि व्यवस्था मिलाउने

(थ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(द) नगरपालिकाबाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही नगर शिक्षा शाखा र बिद्यालयहारुलाई आवश्यक निर्देशन दिने,

(ध) नगर क्षेत्रभित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्याङ्क सङ्कलन गरी उनीहरूका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाउने,

(न) नगर भित्रका बिद्यालयकहरुमा समय समयमा नगरपालिकावाट बिभिन्न शीर्षकमा निकाशा भएका बजेट तथा कार्यकमहरुको कार्यान्वयनको अवस्था यकिन गर्न नियमित सुपरिवेक्षण अनुगमन गर्ने गराउने ।

(प) नगरभित्रका संस्थागत बिद्यालयहरुले पालना गर्नुपर्ने मापदण्ड, कायम गर्नपर्ने गुणस्तर, शुल्क प्रावधान, बिपन्न तथा सिमान्तकृत बर्गका बिद्यार्थीलाई दिने छात्राबृतिको आधार र प्रतिशत र शिक्षक तथा कर्मचारीका सेवा शर्त पीरश्रमिकको किटानी गर्ने राउने ।

(फ ) हरेक सामुदायिक तथा सस्थागत बिद्यालयहरुमा बिद्यालय ब्यवस्थापन समिति गठन गर्ने गराउने

(ब) नगर भित्रका सामुदायिक बिद्यालयहरुकको शिक्षक दरवन्दी निश्चित मापदण्ड बनाई सो आधारमा मिलान गर्ने ।

(२) उपदफा (१ प) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सीमान्तकृत वर्गका छात्र- छात्रालाई दिने छात्रवृत्तिको आधार र प्रतिशत, शिक्षक तथा कर्मचारिहरूको सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा सामान्यतः संस्थागत विद्यालयहरूको संगठनको सहभागिता एवं राय परामर्श लिन सकिनेछ ।

(३) नगर शिक्षा समितिले आफ्नो काम कर्तव्य र अधिकार भित्रको कामहरु आवश्यकता अनुसार आफ्नो सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१३. कार्यपालिकाको काम कर्तव्य र अधिकारः** (१) अन्य ऐन नियममा तोकिएको अतिरिक्त नगर भित्रको शिक्षाका सन्दर्भमा नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिमय हुनेछन् :-

(क) नगरको शैक्षिक उन्नती प्रगति र सुधारका लागि नगर शिक्षा समितिवाट पेश भएका नगरको शैक्षिक नीति, योजना, कार्यान्वयन तथा बजेट माथि आवश्यक छलफल गरी स्वीकृति गर्न

(ख) कार्यपालिकाले स्वीकृत गरेका शिक्षा नीति, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा अधिकारीलाई आवश्यक निर्देशन दिने,

(ग) समय समयमा नगरपालिकाभित्रका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरी गराइ अपेक्षित गुणस्तर कायम गर्न नगर शिक्षा समिति तथा नगर शिक्षा शाखालाई आवश्यक निर्देशन दिने ।

**१४. वडा समितिको काम, कर्तव्य र अधिकार :** वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाले तोकेको बजेट सिलिङ भित्र रही आफ्नो वडालाई प्राप्त भएको बजेटको कम्तीमा १० प्रतिशत बजेट वडा भित्रको बिद्यालय शिक्षा सुधारका लागि बिनियोजन गर्ने,

(ख) नयाँ विद्यालय खोल्ने, कक्षा थप गर्ने अनुमतिको निवेदनसाथ प्राप्त कागजात र स्थलगत अवस्था जाँचबुझ गरी औचित्यसहित सक्कलै कागजात नगरपालिकाको शिक्षा शाखामा सिफारिस गर्ने,

(ग) आफ्नो वडा भित्र अनौपचारिक शिक्षाको कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(घ) वडा क्षेत्रभित्र सञ्चालित विद्यालयको अनुगमन, रेखदेख र समन्वय गरी गुणस्तर वृद्धि गर्न आवश्यक कदम चाल्ने तथा नगरपालिकामा सिफारिश गर्ने।

(ङ) आफ्नो वडा भित्रका विद्यालयहरुमा भर्ना नभएका बालबालिकाको विवरण र बिद्यालय बाहिर रहेका बिद्यालय उमेर समुहका बालबालिकाहरुको बिवरण अध्यावधिक गर्ने,

(च) नगरपालिका र शिक्षा समितिबाट निर्देशित तथा प्रत्यायोजित कार्य गर्ने,

**१५. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख तथा शिक्षा समितिको प्रत्यक्ष मातहतमा रही प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) शिक्षालाई मौलिक हकको रूपमा कार्यान्वयन गर्न नगरपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने, गराउने,

(ख) नगरपालिकाको कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) नगरपालिका भित्रका सवै कार्यक्रमहरुको समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) नगरपालिकाको पुंजीगत बजेटको कम्तीका १० प्रतिशत बजेट शिक्षा क्षेत्रमा विनियोजन गर्न कार्यपालिका र नगर सभामा पहल गर्ने ।

**१६. नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार :** नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतको मातहतमा रहि स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा ऐन २०७६ तथा शिक्षा नियमावली २०७६ को परिधि भित्र रहेर नगरको शिक्षा सम्वन्धि काम गर्ने,

(ख) शिक्षा सम्बन्धी नगर स्तरीय योजना तथा कार्यक्रम तयार गरी शिक्षा समितिबाट पारित गराई कार्यान्वयन गर्ने, गराउने,

(ग) नगरपालिका क्षेत्रभित्रको शैक्षिक गतिविधि, अवस्था एंव प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थितिपत्र तयार गरी प्रत्येक वर्षको चैत्र मसान्तभित्र प्रकाशित गर्ने,

(घ) नगर भित्रका स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन पारित गर्ने गराउने,

(ङ) नगर भित्रका स्थायी शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कन गरी त्यसको विवरण शिक्षक सेवा आयोगमा पठाउने ,

(च) नगरको शिक्षा ऐन, नियमावली तथा नीति निर्देशन अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण सुपरीवेक्षण तथा अनुगमन गरी देखिएका कमजोरीहरु सुधारका तरीकाहरु प्रदान गर्ने,

(छ) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र बिद्यार्थीका अभिभावकहरुसँग छलफल अन्तरक्रिया बैठक, गोष्ठी वा तालिम समय समयमा सञ्चालन गर्ने,

(ज) आधारभूत बिद्यालय तह (कक्षा ८)को अन्त्य लिइने परीक्षा सञ्चालन गर्न परीक्षा सञ्चालन समितिको संयोजक भइ कार्य गर्ने,

(झ) नगरपालिका भित्रका बिद्यालयहरुमा रित्त अस्थायी राहत शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी योग्यता सूची प्रकाशन गर्ने र आवश्यकता अनुसार अस्थायी नियुक्ति गर्ने

(ञ) नगर भित्रका सवै बिद्यालयहरुको पठनपाठन, बिदा, परीक्षा आदि नगरपालिकाको शैक्षिक पात्रो अनुसारको एकरुपता कायम गराउने,

(ट) शिक्षक सेवा आयोगवाट स्थायी नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षक हरुलाई विद्यालयमा नियुक्ति गर्ने,

(ठ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र बिद्यार्थीहरुको तथ्याङ्क अद्यावधिक गर्ने,

(ड) समय समयमा नगर भित्रका बिद्यालयहरुको सुपरिवेक्षण गर्ने गराउने,

(ढ) नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी शैक्षिक-सत्रको शुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(ञ) नगरपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने यदि नभएको पाइएमा आवश्यक कारवाही गर्ने गराउने,

(प) नगरपालिका भित्रका बिद्यालयहरुमा स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्ने गराउने,

(फ) नगरपालिका भित्रका बिद्यालयहरुमा नेपाल सरकार पाठ्यक्रम बिकास केन्द्रवाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु भए नभएको निरिक्षण गरी लागु नभएको पाइएमा लागु गर्ने गराउने,

(ब) नगर भित्रका विद्यालयहरुको आयव्यय लेखापरिक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमिततालाई नियमित गर्न र वेरुजु फर्छ्यौट गर्न लगाउने,

(भ) नगर शिक्षा अधिकृतवाट प्राप्त निरीक्षण प्रतिवेदन उपर कारवाही गर्ने,

(म) नगर भित्रका सवै बिद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गराउने,

(य) सामुदायिक विद्यालयको स्वीकृत रिक्त दरबन्दीमा स्थायी पदपूर्तिको लागि शिक्षक सेवा आयोगमा लेखी पठाउने,

(र) नगर भित्रका सामुदायिक बिद्यालयका शिक्षकहरुलाई दण्ड तथा पुरस्कार स्वरुप सरुवाको निर्णय गर्न शिक्षा समितिमा पेश गर्ने,

(ल) नगर भित्रका सामुदायिक बिद्यालयका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन संझौता गर्ने,

(व) नगरपालिका भित्रको बिद्यालय शिक्षा सँग सम्वन्धित अन्य कार्य गर्ने ।

**१७. नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकारः** नगर पालिकाको शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगर शिक्षा अधिकारीको मातहतमा रही कामकाज गर्ने,

(ख) आवश्यकता अनुसार नगरपालिका भित्रका बिद्यालयहरुको सुपरिवेक्षण गरी नगर शिक्षा अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने

(ग) सामुदायिक बिद्यालयहरुमा अस्थायी राहत शिक्षक पदपूर्तिको लागि परीक्षा सञ्चालन गर्ने,

(घ) नगर पालिका भित्रका सामुदायिक बिद्यालयहरुका स्थायी शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कन गर्ने,

(ङ) नगरपालिका भित्रका सामुदायिक बिद्यालयका स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन पारित गर्ने,

(च) नगरपालिका भित्रका सामुदायिक बिद्यालयहरुमा जाने शिक्षक तलब का साथै अन्य ससर्त अनुदानहरु निकाशा पठाउन आर्थिक प्रशासन शाखामा सिफारिश गर्ने,

(छ) नगरपालिका भित्रका बिद्यालयहरुमा व्यवस्थापन समिति गठन गर्ने गराउने

(ज) परीक्षा समितिको निर्देशन बमोजिम नगरभित्र आधारभूत तहको अन्तमा हुने परीक्षा सञ्चालन गर्ने, गराउने,

(झ) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गर्ने, गराउने,

(ञ) नगरपालिका भित्रका बिद्यालयहरुको शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी नगरपालिका समक्ष पेश गर्ने,

(ट) शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने र तालिम प्राप्त शिक्षकको सीपको प्रयोग भए नभएको यकिन गर्न कक्षा अवलोकन गरी सुधारका लागि कार्य गर्ने,

(ठ) नगरपालिका भित्रका शिक्षकहरुलाई पठन पाठन सम्वन्धमा परेका कठिनाई तथा समस्याहरुमा आवश्यक सहयोग प्रदान गर्ने,

(ड) विद्यालय सञ्चालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक सहयोग प्रदान गर्ने,

(ढ) नगर भित्रका सामुदायिक विद्यालयका शिक्षकहरुको विदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने

(ञ) नगर भित्रका विद्यालयहरुले पाठ्यक्रम बिकास केन्द्रवाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक र नगरपालिकाले निर्माण गरी पठाएको स्थानीय पाठ्यक्रम लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गरी लागु गराउने,

**१८.** नगर **शिक्षा कोष** (१) बाह्रवीसे नगरपालिका भित्र एक नगर शिक्षा कोष स्थापना गरिनेछ ।

(२) नगर शिक्षा कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ

(क) नगरपालिकाले दिएको अनुदान रकम

(ख) सस्थागत बिद्यालयवाट प्राप्त हुने रकम

(ग) नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त अनुदान
(घ) अन्य स्रोतवाट प्राप्त रकम
(३) कोषको सञ्चालन र परिचालन नगर शिक्षा समितिको निर्णय अनुसार हुनेछ ।

**१९ बिद्यालय व्यवस्थापन समितिको गठनः** (१) सामुदायिक बिद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक बिद्यालयमा देहायका सदस्यहरु रहेको एक बिद्यालय व्यवस्थापन समिति रहनेछः- (क) अभिभावकहरुको भेलावाट छानिएका एकजना महिला सहित दुईजना अभिभावक सदस्य

(ख) शिक्षाविद, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, चन्दादाता वा जग्गा दाता र सस्थागत मध्येवाट अभिभावकहरुको भेलाले छनौट गरेका २ जना सदस्य

(ग) उपदफा १ को (क) र (ख) मा छानिएका चारै जना सदस्यहरुले आफु व्यवस्थापन समितिको अध्यक्ष भएमा के के काम गर्ने भन्ने कार्ययोजना र प्रतिवद्धता सहितको बिद्यालय विकास प्रस्तावना आफु छनौट भएको ७ दिन भित्र नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ

(घ) उपदफा १ (ग) अनुसार पेश भएका प्रस्तावनाहरु अध्ययन गरी उत्कृष्ट प्रस्तावनावाला सदस्यलाई प्रस्तावना प्राप्त भएको १५ दिन भित्र नगर शिक्षा शाखाले अध्यक्ष तोक्नेछ ।

(ङ) सम्वन्धित वडाको वडा अध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य सदस्य

(च) बिद्यालयमा कार्यरत शिक्षकहरु मध्येवाट आफुआफु छानेको एक शिक्षक सदस्य

(छ)बिद्यालयको प्र अ सदस्य सचिव

(२) बिद्यालय व्यवस्थापन समिति गठनको अभिभावकहरुको भेला नगरपालिकाको शिक्षा अधिकृतको संयोजत्वमा आयोजना हुनेछ

(३) बिद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकका रुपमा नगर शिक्षा अधिकृतलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) सस्थागत बिद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्यक बिद्यालयमा देहायका सदस्यहरु रहेको एक बिद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) बिद्यालयको सस्थापक वा लगानीकर्ता मध्येवाट बिद्यालयको सिफारिशमा नगरप्रमुखले मनोनित गरेको ब्यक्ति अध्यक्ष

(ख) अभिभावहरु आफुआफुहरु मध्येवाट छानेको एक महिला सहित २ जना सदस्य

(ग) नगरपालिका भित्र सम्वन्धित बिद्यालयको सेवा क्षेत्र भित्रका शिक्षा प्रेमी वा समाजसेवी मध्येवाट व्यवस्थापन समितिको सिफारिशमा नगर प्रमुखले नियुक्त गरेको व्यक्ति एक सदस्य

(घ) सम्वन्धित बिद्यालयको प्र अ सदस्य सचिव

(४)उपदफा १ र ३ बमोजिम गठीत व्यवस्थापन समितिका पदधिकारीहरुको पदावधि ३ बर्षको हुनेछ ।

**२० सामुदायिक बिद्यालयको व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) नगरपालिकावाट नियुक्ति भई आएका शिक्षकहरुलाई हाँजिर गराई काम काजमा लगाउने,

(ख) नगरपालिकावाट तोकिएको लेखापरिक्षकवाट बिद्यालयको बार्षिक लेखापरिक्षण गराउने तथा लेखा परिक्षण प्रतिवेदनले दिएका सुझावहरुलाई कार्यान्वयन गरी बिद्यालयको आर्थिक कार्य प्रणालीमा सुधार ल्याउने

(ग) निजी श्रोतमा आफैले नियुक्ति गरेका शिक्षकहरुका लागि शर्त अनुसारको पारिश्रमिक तथा सुविधाको व्यवस्थापन गर्ने,

(घ) बिद्यालयको चल अचल सम्पतीको लागत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ङ) बिद्यालयमा स्वच्छ शैक्षिक बातावरण कायम गर्ने गराउने,

(च) शिक्षकहरुको नियमितता, पठनपाठन र अनुशासन आदिको शुक्ष्म अवलोकन गरी आवश्यक पुरस्कार र दण्डको सिफारिश नगरपालिका सँग गर्ने

(छ) बिद्यालयका लागि भौतिक शैक्षिक आदि कार्यका लागि आवश्यक श्रोत साधन जुटाउनका लागि बिभिन्न स्थानमा पहल गर्ने,

(ज) आफ्नो बिद्यालयको शैक्षिक भौतिक आर्थिक अभिलेख अद्यावधिक गराई राख्न लगाउने,

(झ) नगरपालिका, शिक्षा शाखा र नगर शिक्षा समितिले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

(ञ) नगरपालिकाले तोकेको मापदण्ड अनुसार आफ्नो बिद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने गराउने,

(ट) बिद्यालयमा बिभिन्न शीर्षकमा बिनियोजित बजेटलाई सदुपयोग गर्ने गराउने,

**२१ संस्थागत बिद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) बिद्यालय सुचारु रुपमा सञ्चालनका लागि आवश्यक पर्ने श्रोत साधनको व्यवस्थापन गर्ने,

(ख) बिद्यालयको चल अचल सम्पतीको सुरक्षा र संरक्षण गर्ने,

(ग) बिद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(घ) नेपाल सरकार पाठ्यक्रम बिकास केन्द्रवाट स्वीकृत प्राप्त पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्ने,

(ङ) शिक्षक सेवा आयोगवाट अध्यापन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उमेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गरी नेपाल सरकारको स्केल अनुसारको तलब सुविधा उपलब्ध गराउने,

(च) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले समय समयमा दिएका नीति निर्देशन पालना गर्ने,

**२२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :**

(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाइ नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रकृया पुऱ्याइ नगर शिक्षा समितिलाई विगठन गर्न सक्नेछ। तर त्यसरी विगठन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

**२३ अध्यापन अनुमतिपत्र लिनु पर्ने :** (१) यो ऐन प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्र नलिई कसैले पनि सामुदायिक विद्यालयमा शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन तर नगरपालिकाको अनुदान, बिद्यालयको निजी श्रोत र बालविकास कक्षा शिक्षकको हकमा अध्यापन अनुमति पत्र अनिवार्य गरिने छैन।

**२४. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

(२) अनुमति प्राप्त सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराइनेछ।

**२५. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**२६. नगरपालिकाले निर्देशन दिन सक्नेः**

(१) नगरपालिकाले शैक्षिक गुणस्तर बृद्धि गर्न आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**२७. प्रधानाध्यापक सम्वन्धि व्यवस्थाः(१)** हरेक सामुदायिक बिद्यालयमा बिद्यालयको शैक्षिक नेतृत्व तथा व्यवस्थापकको भूमिका निर्वाह गर्न सम्बन्धित तहको सकभर स्थायी शिक्षकलाई नगरपालिकाले प्रधानाध्यापकमा नियुक्ति गर्नेछ ।

(२) प्रधानाध्यापकमा नियुक्ति भएको शिक्षकले बिद्यालयको शिक्षा सुधार योजना एक हप्ता भित्र अनिवार्य रुपमा नगर शिक्षा समितिमा पेश गर्न पर्नेछ।

(३) तोकिएको जिम्मेवारी तथा आफुले पेश गरेको योजना अनुसारको काम पुरा गर्न नसस्ने प्रधानाध्यापकलाई नगर शिक्षा समितिले हटाउन सक्नेछ।

(४) पदवाट हटाउनु पूर्व प्रधानाध्यापकलाई आफ्नो सफाइ पेश गर्ने अवसरवाट बन्चित गरिने छैन।

**२८. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न सक्ने :** नगरपालिकाले नगर भित्र सञ्चालन भइरहेका कुनै विद्यालयलाई मापदण्ड बनाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटै विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्नेछ।

**२९. विद्यालयको सम्पत्ति :** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाभिएको विद्यालयको प्रयोगमा आउने भएमा नगरपालिकाको निर्णय अनुसार हस्तान्तरण गरिनेछ र सो बिद्यालय प्रयोजनमा प्रयोग नहुने भएका नगरपालिकाको निर्णयानुसार सार्वजनिक हितका लागि प्रयोगमा ल्याइनेछ ।

(२) शैक्षिक गुठी अर्न्तगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकामा जानकारी दिनु पर्नेछ तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृतिबेगर बेचबिखन गर्न पाइने छैन ।

**३०. बिद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक बिद्यालय र शैक्षिक गुठिका रुपमा सञ्चालित संस्थागत बिद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा कुनै पनि रजिष्टेशन दस्तुर लाग्ने छैन ।

**३१.अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धितविद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३२. विद्यालय शान्ति क्षेत्र हुने :** विद्यालयको अध्ययन अध्यापनमा प्रतिकूल असर पर्ने गरी कुनै गतिविधि गर्न पाइने छैन, विद्यालय शान्ति क्षेत्र कायम हुनेछ ।

**३३. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :** (१) विद्यालयमा स्वतन्त्र र भयरहीत रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

**३४. शुल्कसम्बन्धी व्यवस्थाः** (१) संघीय सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शिक्षण शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नेछ ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि, बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने तोकिए बमोजिम व्यवस्था गरिनेछ ।

(५) सस्थागत विद्यालयले कुनै कक्षामा बिद्यार्थी भर्ना गर्दा एकपटक भर्नाशुल्क लिइसकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि पुनः भर्ना शुल्क लिन पाउने छैन ।

(६) सस्थागत विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराइ निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धितविद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) माथि जे सुकै लेखिएको भएपनि विद्यालय व्यवस्थपान समिति र अभिभावहरुको सहमतिमा विद्यालयको भौतिक एवं शैक्षिक विकास को लागि स्वच्छिक रुपमा चन्दास्वरुप मासिक वा वार्षिक रुपमा आर्थिक स्रोत व्यवस्थापन गर्न सहमत भएको अवस्थामा कुनै रोक लगाइने छैन ।

**३५. पदबाट हटाइने :** देहायका अवस्थामा शिक्षक र बिद्यालय कर्मचारीलाई पदबाट हटाइनेछः-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार स्थायी शिक्षकले नब्बे दिन र अस्थायीले १५ दिन भन्दा बढी समयविद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले संस्थागत विद्यालयमा सञ्चालक भए वा संस्थागत विद्यालयमा अध्यापन गरेमा,

(च) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दुर्व्यवहार गरेमा

**३६. शैक्षिक योग्यताः** शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३७. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः** नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३८. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम र प्रकोप उद्धारका काममा खटाउन सकिनेछ ।

**३९. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :** (१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**४०. शिक्षकको अस्थायी पदपूर्ति** (१) सामुदायिक बिद्यालयको स्वीकृत दरबन्दीमा शिक्षक अस्थायी पदपूर्ति तथा राहत करारमा शिक्षक पदपूर्ति गर्नु परेमा नगरपालिका भित्र निश्चित अवधिभित्र रिक्त रहेका दरवन्दीको नगरपालिका शिक्षा शाखाले एकमुष्ठ बिज्ञापन गरी परीक्षा सञ्चालन गरी पदपूर्ति गर्नु पर्नेछ । परीक्षामा उर्तीणक ल्याएका सबै परीक्षार्थीलाई योग्यता सूचीमा नाम प्रकाशन गरी नतीजा प्रकाशन भएको ३ महिना भित्र नगर भित्रको कुनै बिद्यालयमा रिक्त हुने शिक्षक पदमा योग्यता सूचीवाट क्रमश अस्थायी नियुक्ति गरी पठाउन सकिनेछ ।

(२) नगरपालिका भित्र अस्थायी राहत करार शिक्षक नियुक्तिका लागि परीक्षा सञ्चालन गर्न ४ सदस्यीय परीक्षा समिति रहनेछ नगरशिक्षा अधिकारी संयोजक , सम्बन्धित बिषय बिशेषज्ञ दुई जना सदस्य, नगर शिक्षा अधिकृत सदस्य सचिव

**४१. शिक्षकको सरुवाः** (१)कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा संचालनमा बाधा नपर्ने र विषय मिल्ने गरी नगर शिक्षा अधिकारीले समान प्रकृति र समान पदमा रिक्त दरबन्दीमा शिक्षकको सरुवा गर्न सक्नेछ । यसरी गरिएको सरुवा निर्णयलाई क्रमश नगर शिक्षा समिति र नगर कार्यपालिकावाट अनुमोदन गराउनु पर्नेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर शिक्षा समितिले आवश्यकता ठानेमा नगरपालिका भित्रका सामुदायिक बिद्यालयका शिक्षकलाई आफ्नो नगरपालिका भित्र सरुवा गर्न सक्नेछ ।

(३) आफनो नगरपालिकावाट अन्य स्थानीय तहमा सरुवा सहमति माग गर्ने स्थायी शिक्षकलाई बिद्यालयव्यवस्थापन समितिको सिफारिशमा बिद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नगर शिक्षा अधिकारीले सरुवा सहमति प्रदान गर्नेछ ।

(४)शिक्षा समितिको स्वीकृति विना नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा अन्य स्थानीय तहवाट कुनै शिक्षक सरुवा भइ आउन सक्नेछैन ।

**४२. शिक्षक दरबन्दी मिलानः** (१) नगरपालिका भित्रका बिद्यालयहरुमा रहेका शिक्षकहरुको दरवन्दिलाई कार्यबिधि तथा मापदण्ड बनाई शिक्षा समितिले शिक्षक दरवन्दी मिलान गर्न सकिनेछ ।

**४३. संस्थागत विद्यालयको नाम र स्थान परिवर्तन :** (१) क्रमश नगर शिक्षा समिति, कार्यपालिका र नगरसभावाट संस्थागत विद्यालयको नाम र स्थान परिवर्तन गर्न सकिनेछ ।

**४४. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उप दफा (१) बमोजिमको दश प्रतिशतलाई १०० प्रतिशत मानी समावेशी सिद्धान्तका आधारमा जेहन्दार, विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा सम्वन्धित वडाध्यक्ष र नगरपालिकाको शिक्षा अधिकृत समेत राय लिनु पर्नेछ, यसरी छनौट भएका बिद्यार्थीहरुको नामावली सुचना पाटीमा टाँस गर्नुको साथै सम्वन्धित वडाकार्यालय र नगरपालिका शिक्षा शाखामा समेत अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

**४५. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना समेत हुने छैन ।

**४६. कर्मचारी सम्बन्धी व्यवस्था :** (१) सामुदायिक विद्यालयमा नेपाल सरकारले तोके बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४७. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) कुनै पनि बालबालिकालाई तोकिएको अवस्थामा बाहेक विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४८. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन गर्न अनुमति लिनुपर्ने :** (१) नगरपालिका भित्र कसैले शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, कोचिङ्ग टयुशन, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेमा नगर शिक्षा समितिवाट अनुमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९. प्रगति विवरण बुझाउनु पर्नेः** सामुदायिक तथा संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण बाह्रविसे नगरपालिका शिक्षा शाखा र सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

**५०. दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी एकलाख रूपैयाँसम्म जरिवाना हुनेछः- (क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ग) परीक्षाकेन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षाकेन्द्र नियन्त्रणमा लिइ अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(३) उपदफा (१) र (२) (क) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा (१) र उपदफा (२) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्नसक्नेछः-

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) कसूरको मात्रा हेरी एकहजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई नगरपालिकाको सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

**५१. नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्नेगरी सो नियमद्वारा खास गरी देहायका कुराहरूको व्यवस्था हुन सक्नेछः-

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान,

(ग) विद्यालयको परीक्षा,

(घ) विद्यालयको अतिरिक्त कार्यकलाप र कार्यक्रमको निर्धारण,

(ङ) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथग्रहण सम्बन्धी,

(च) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरूको संख्या,

(छ) विद्यालयको सम्पत्तिको सुरक्षा,

(ज) विद्यालयको छात्रावास चलाउने,

(झ) विद्यालयको आय-व्ययको जाँच,

(ञ) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने

(ट) शिक्षक तथा विद्यार्थीहरूको आचारसंहिता,

(ठ) विद्यालयको पुस्तकालय र वाचनालय

(ड) प्रधानाध्यापकको नियुक्तिका लागि आवश्यक पर्ने योग्यता, काम, कर्तव्य र अधिकार तथा सुविधा,

(ढ) विद्यालयका शिक्षकहरूको सेवा शर्तसम्बन्धी,

(ण) विद्यालयका शिक्षकहरूको अध्यापन अनुमतिपत्र, परिचयपत्र र चिन्ह,

(त) विशेष शिक्षा,

(थ) अनौपचारिक शिक्षा

(द) शिक्षक अभिभावक बिद्यार्थी सल्लाह तथा परामर्श सेवा

(ध) आवासीय विद्यालय सञ्चालन गर्ने

(न) संस्थागत विद्यालय सम्बन्धी,

(प) कोचिङ तथा ट्युशन, भाषा-शिक्षण कक्षा र लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा

नगरपालिकाले आवश्यकता महशुस गरेका अन्य बिषयमा

**५२.निर्देशिका बनाउन सक्नेः-** यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**५३.संरक्षकको भूमिकाः** नगरपालिका आफ्नो क्षेत्रभित्रको शिक्षा व्यवस्थापनका लागि प्रमुख संरक्षकको रुपमा रहनेछ ।

**५४. बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गर्नुपर्नेछ र सूचनालाई यसै ऐनको अङ्ग मानिनेछ ।

**५५. बचाउ र लागू नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।